# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ५ मरिण, भाद्र २५ गते, २०७९ साल संख्या ९


## भाग २

## मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको

## सूचना

## निःशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यविधि,२०७८ (प्रथम संशोधन)

मरिण गाउँपालिकाको निःशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यविधि,२०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) ले दिएको अधिकार प्रयोग गरी मरिण गाउँ कार्यपालिकाले देहायका कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो कार्यविधिको नाम "निःशुल्क स्वास्थ्य विमा सम्बन्धि कार्यविधि,२०७८ (प्रथम संशोधन)" रहेको छ ।

(२) यो कार्यविधि मरिण गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः

३.१.१. ६० बर्ष देखि ६९ बर्ष भित्रका जेष्ठ नागरिक ।

३.१.२. द्धन्द पिडित, अनाथ, असहाय, अपांग, एकल महिला तथा परिवार ।

३.१.३. मरिण गाउँपालिका भित्र स्थायी वसोवास गर्ने गर्भवती महिलाहरु ।[१]

६.१ विमितहरुको छनौट गर्नको लागि देहाय बमोजिमको एक छनौट समिति हुनेछ ।

संयोजक – गाउँपालिका अध्यक्ष

सदस्य – गाउँपालिका उपाध्यक्ष

सदस्य – प्रमुख प्रशासकीय अधिकृत

सदस्य – कार्यपालिकाले तोकेको एक जना कार्यपालिका सदस्य

सदस्य – कार्यपालिकाले तोकेको लक्षित समुह वा समाजसेवि मध्ये दुई जना सदस्य

सदस्य सचिव – स्वास्थ्य शाखा प्रमुख[२]

---

[१] पहिलो संशोधनबाट थप गरिएको ।

[२] पहिलो संशोधनबाट थप गरिएको ।

**अनुसूची १**

निवेदनको ढाँचा

मितिः

श्रीमान गाउँपालिका प्रमुखज्यू,
मरिण गाउँपालिका कपिलाकोट, सिन्धुली ।

विषय निःशुल्क स्वास्थ्य वीमा गरिदिन हुन ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आ.व.२०७८/०७९ मा ६०-६९ बर्षका जेष्ठ नागरिक, अनाथ, असहाय ,अपांग एकल महिला र द्वन्दपीडितहरुको ब्यक्ति वा परिवारको लागि निःशुल्क स्वास्थ्य वीमा गर्ने कार्यक्रम रहेकोले तपशिलको विवरण पेश गरि सो कार्यक्रममा म/मेरो परिवारलाई समावेश गरि दिन हुन अनुरोध छ ।

**तपशिल**

क) परिवारमा सदस्यहरुको विवरणः

| क्र.सं. | नाम, थर | घरमुलि सँगको नाता | उमेर | लिङ्ग | शैक्षिक योग्यता | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तपाई आफूलाई कुन बर्ग भन्न चाहनुहुन्छ?

(१) ६०–६९ बीचको जेष्ठ नागरिक (२) एकल महिला (३) द्वन्द पीडित (४) अनाथ, असहाय (५) अपांग

(६) गर्भवती[३]

(७) अन्य कुरा भए उल्लेख गर्नुहोस ।

यस निवेदनका साथ पेश हुनुपर्ने आवश्यक कागजातहरु

१. सबै निवेदकको मरिण गाउँपालिकाको वासिन्दा खुल्ने नेपाली नागरिकता/राष्ट्रिय परिचय पत्र/ मरिण गाउँपालिका वासी सँग विवाह भएको खुल्ने विवाह दर्ता प्रमाणपत्रको फोटोकपी ।[४]
२. मरिण वासि द्वन्द पीडित, अनाथ, असहाय, अपांग, एकल महिला र गर्भवती निवेदकको हकमा उक्त व्यहोरा खुल्ने कागजातहरु वा वडाको सिफारिस पत्र ।[५]

निवेदकको नाम, थरः
दस्तखतः
ठेगानाः

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

[३] पहिलो संशोधनबाट थप गरिएको ।
[४] पहिलो संशोधनबाट थप गरिएको
[५] पहिलो संशोधनबाट थप गरिएको